# १० पवित्र आत्मा, बाइबल र प्रार्थना

***यस अध्यायका मूल पदहरू:*** यूहन्ना १५:७, मत्ती ७:७, भजन ६६:१८, याकूब १:६-८, १ यूहन्ना ५:१४,१५ र प्रेरित २:३८।

***यस अध्यायको स्मरण गर्नुपर्ने मूल सार पद:*** "...जब हामी कमजोर हुन्छौं तब पवित्र आत्माले हामीलाई सहायता गर्नुहुन्छ। हामीले केको लागि प्रार्थना गर्नुपर्छ भन्ने पनि थाहा छैन। तर पवित्र आत्मा आफैले हाम्रो निम्ति प्रार्थना गर्नुहुन्छ। उहाँले यस्तो पीडा अर्थात् आर्तनाद तरिकाले प्रार्थना गर्नुहुन्छ कि त्यसलाई व्याख्या गर्ने शब्दहरू पनि छैन। पवित्र आत्माको दिमागमा के सोचिरहेको छ सो हामीहरूको हृदयभित्र हेर्नुहुने परमेश्वरलाई थाहा छ। अनि पवित्र आत्माले मानिसहरूको निम्ति यस्तो प्रार्थना गर्नुहुन्छ कि उहाँले परमेश्वरकै चाहना अनुसारको प्रार्थना गरुन्।" रोमी ८:२६ रूपान्तरित।

सही रूपमा आत्मिक वा आध्यात्मिक जीवनशैली अपनाउँनेले प्रार्थनालाई पनि सँगसँगै लगरिरहेको हुन्छ। जोडदार प्रार्थनाबिना वास्तविक आत्मिक जीवन हुँदैन। हामीहरूलाई पापबाट फर्किन चाहिने पश्चाताप वा पछुतावको आवश्यकता अत्यन्त महत्त्वपूर्ण छ। नयाँ प्रार्थनाको जीवन नै हामीहरूको अत्यन्त महान् र अत्यावश्यक हो भन्नुमा कसैको दुईमत नहोला। हामीले पाएको सुसमाचार त यो हो कि हामीहरूको प्रार्थनामा पवित्र आत्माले साथ दिनुहुन्छ। प्रार्थनाले हामीहरूलाई परमेश्वरको नजिक डोऱ्याउँछ। यसले उहाँकै समीपमा ल्याउँदछ। त्यो किनभने विश्वासको प्रार्थनाले परमेश्वरका मूल्यवान प्रतिज्ञाहरूमाथि भरोसा राख्न सहायता गर्दछ। परमेश्वरको वचनमा प्रतिज्ञा गरिएका आशिषहरूलाई दावी गऱ्यौं भने हामीहरूको जीवन पनि परिवर्तन हुन्छ।

आफ्नो भरिपूर खजानाबाट हामीहरूलाई चाहिने सबै आवश्यकताहरू भन्दा बेसी परमेश्वरले हामीहरूलाई दिन उहाँ सक्षम् हुनुहुन्छ (फिलिप्पी ४:१९)। सबै सही वा सत्य प्रार्थना र आत्मिक जीवनको केन्द्रविन्दु जहिले पनि परमेश्वर नै हुनुहुन्छ। यथार्थमा भन्ने हो भने दुवै हामीहरूको प्रार्थना र आत्मिक जीवन जग उहाँको लिखित वचन बाइबलमा आधारित हुन्छन्।

हामीहरूको जोश, भावना र अस्थिर अनुभवहरूको आधारमा हामीहरूको आत्मिक जीवन कहिल्यै पनि बसाल्नुहुन्न। हामीले भरोसा राख्न नसकिने गलत आत्मिक क्रियाकलापहरूमा हामीहरूको प्रार्थनाको आधार बनाउनुहुन्न। बरू, हामीहरूको आत्मिक जीवनको पथप्रदर्शक बाइबल नै हुनुपर्छ। परमेश्वरको इच्छा वा योजनालाई हामीले पछ्याउनै पर्छ। उहाँको इच्छा वा चाहना के हो भनेर हामीहरूलाई उहाँको वचनमा देखाइएको छ। प्रार्थनाद्वारा परमेश्वरलाई खोज्नुपर्ने हामीहरूको चाहनालाई पनि पवित्र आत्माले नै जगाउनुहुन्छ। हामीहरूको प्रार्थनाद्वारा एक आपसमा उचाल्न पनि पवित्र आत्माले नै अगुवाई गर्नुहुन्छ।

## १. परमेश्वरलाई प्रसन्न पार्ने प्रार्थना (यूहन्ना १५:७)

धेरै प्रार्थनाहरू आत्मिक पोशाक जस्ता देखाउने पहिरणहरू हुन गएको पाइन्छन्। अर्थात् तिनीहरू पवित्र र धार्मिक जस्तो देखिन्छन्। तर यथार्थमा तिनीहरूको प्रार्थनामा असली आत्मियता हुँदैन। बरू, कतिपय समयमा जब हामी प्रार्थना गर्छौं त्यसमा हामीहरूको स्वार्थ लुकिएको हुन्छ। उदाहरणमा, कहिलेकाहीं हामीहरूले अरूको जीवन बचोस् वा रोगबाट निको होस् भनेर प्रार्थना गर्छौं किनकि हामी एकलै बस्न चाहन्दैनौं। हामीहरूले खेलिने महत्त्वपूर्ण भूमिकाको निम्ति परमेश्वरको काम सफल होस् भनेर प्रार्थना गर्छौं। कुनै व्यक्तिले आफ्नो हृदयलाई परमेश्वरलाई देओस् भनेर हामी प्रार्थना गर्छौं ताकि हामीहरूको जीवन सजिलो होस्। प्रायजसो हामीहरूको प्रार्थना हामीले के चाहिएकोमा केन्द्रित भएको पाउँछौं तर परमेश्वरले के चाहनुहुन्छ त्यसमा हामी ख्याल राख्दैनौं। तर परमेश्वरलाई प्रसन्न पार्ने प्रार्थनाको उद्देष्य फरक छ।

येशूले यूहन्ना १५:७मा आफू चेलाहरूको बीचमा भएको एक अत्यन्त निर्णायक कारण यसरी प्रस्तुत गर्नुभएको छः तिमीहरू ममा रह्यौ भने, र मेरा कुरा तिमीहरूमा रहे भने, तिमीहरूलाई जे इच्छा लाग्छ माग, र त्यो तिमीहरूका निम्ति गरिनेछ।" जब हामी प्रार्थना गर्छौं तब हामी उहाँमा रहन र उहाँको वचन हामीमा रहने तिब्र चाहना हुनु महत्त्वपूर्ण छ भनेर उपरोक्त वाक्यले किन बताउँछ? यदि हामी येशूमा रहेनौं भने हामीहरूको प्रार्थनाको लक्ष्य किन फरक हुनसक्छ?

प्रथमतः हामीले येशूलाई खोज्नुपर्छ र उहाँलाई भेट्टाउनुपर्छ (वा उहाँलाई हामीहरू भेट्टाउन दिनुपर्छ)।अनि उहाँसँग समय बिताउन रमाइलो

मान्नुपर्छ। परमेश्वरलाई पाउनु र उहाँसँग समय बिताउन सक्नु नै हामीलाई चाहिने तर उहाँले दिने सबै बरदानहरूभन्दा उत्तम बरदान हो। यदि हामीहरूको जीवनमा परमेश्वरले प्राथमिकता पाउनुहुन्छ भने उहाँले जे चाहनुहुन्छ त्यो गर्ने हामी चाहना गर्नेछौं। उहाँका सोचहरूले हामीहरूका चाहनाहरूलाई निर्धारण गर्नेछ। त्यसले गर्दा हामीहरूको प्रार्थनाको केन्द्रविन्दु परमेश्वर हुनै पर्छ। अनि उहाँको चाहना अनुसारको प्रार्थना गर्न हामी अग्रसर हुनेछौं। यो ढाँचामा हामी हिंड्न सक्यौं भने हामीहरूको प्रार्थना असल र आदर्शको प्रार्थना हुन जानसक्छ।

परमेश्वर हामीहरूप्रति गहिरो चासो राख्नुहुन्छ। हामीहरूको जीवनको सबै पक्षहरूमा उहाँ समाबेश भएको उहाँ चाहनुहुन्छ। सबै थोक हामीले उहाँलाई बाँडेको उहाँ चाहनुहुन्छ। हामीहरूका चिन्ताहरू, हामीहरूका भयहरू, हामीहरूका चाहनाहरू, हामीहरूका आशाहरू, हामीहरूका सफलताहरू, हामीहरूका आनन्दहरू र हामीहरूका असफलताहरूको बारेमा उहाँलाई हामीहरूले भन भनेर उहाँ चाहनुहुन्छ। ती विषयबस्तुहरूको बारेमा उहाँसँग हामी छलफल गर्न सक्छौं। परमेश्वर असल मित्र हुनुहुन्छ। हामीहरूको बारेमा सबै थोक हामीहरूले उहाँका आँखाबाट हेर्न उहाँले सहयोग गर्नुहुन्छ।

प्रार्थनाले परमेश्वरलाई परिवर्तन गर्दैन। तर प्रार्थनाले हामीहरूलाई परिवर्तन गर्दछ। प्रार्थनाले हामीहरूलाई परमेश्वरको समीपमा ल्याउँदछ जसले हामीहरूका जीवनलाई परिवर्तन गरिन्छ।

"प्रार्थनाले हामीहरूको हृदयलाई परमेश्वरतिर खुल्ला राख्दछ। उहाँ हामीहरूको मित्र हुनुहुन्छ। हामीहरू को हौं भनेर हामीहरूले परमेश्वरलाई भन्नु आवश्यक छैन। प्रार्थनाको उद्देष्य त्यो होइन। तर हामीहरूको हृदयको सिहाँसनमा परमेश्वरलाई बिराजमान गराउन प्रार्थनाले सहयोग गर्दछ। हामीहरूको प्रार्थनाले परमेश्वरलाई हामी भएको ठाउँमा झार्दैन। बरू प्रार्थनाले हामीहरूलाई उहाँतिर उचाल्दछ।"-एलेन जी ह्वाइट, स्टेप्स टु क्राइस्ट, पृ. ९३बाट रूपान्तरित।

एलेन जी ह्वाइटको यो अत्यन्त प्रभावकारी अभिव्यक्ति हो। प्रार्थनाले हामीलाई के गर्छ र हामीहरूको निम्ति के गर्छ भन्ने सत्य कुरालाई त्यस भनाईबाट स्पष्ट पार्दछ। परमेश्वरको धनी खजानाको बाकस खोल्न प्रार्थनाले सहयोग गर्दछ। उहाँले उहाँको अनुग्रह अर्थात् पापको क्षमा र दया, उहाँको शक्ति र आफूलाई नै हामीहरूको जीवनमा खन्याउन चाहनुहुन्छ। कुनै न कुनै

समयमा प्रार्थनाले परमेश्वरतिर नजिक ल्याएको हामीहरूमध्ये कसले अनुभव गरेको छैन र?

तपाईंको आफ्नै प्रार्थनाको जीवनको बारेमा सोच्नुहोस्। तपाईंले के को निम्ति प्रार्थना गर्नुहुन्छ? तपाईं कहिले प्रार्थना गर्नुहुन्छ? ती प्रश्नका जवाफहरूले तपाईंको आत्मिक स्थितिलाई कसरी जनाउँछ? तपाईंको जीवनमा कस्तो परिवर्तन भएको आवश्यकता महसुस गर्नुभएको छ?

## २. हामीहरूको आवश्यकता परमेश्वरसँग प्रार्थनाद्वारा माग्नुपर्छ भन्ने कुरा समावेस भएको छ भनेर बाइबलले बताउँछ (मत्ती ७७:)

हामीलाई थाहा छ कि परमेश्वरलाई प्रत्येक कुराको ज्ञान छ। तै पनि हामीले पाउनुभन्दा अघि परमेश्वरसँग हामीले चाहेको कुरा उहाँसँग माग्नुपर्छ भनेर मत्ती ७:७-११मा येशूले किन भन्नु भयो? परमेश्वरलाई थाहा भएपनि उहाँसँग हामीले माग्नु किन जरुरत छ? हेर्नुहोस्: "७ "माग त तिमीहरूलाई दिइनेछ, खोज त तिमीहरूले भेट्टाउनेछौ, ढकढक्याओ त तिमीहरूका निम्ति उघारिनेछ। ८ किनकि जसले माग्छ, त्यसले पाउँछ, जसले खोज्छ, त्यसले भेट्टाउँछ, जसले ढकढक्याउँछ, त्यसको निम्ति ढोका उघारिनेछ। ९ तिमीहरूमध्ये कुन मानिस होला, जसको छोराले रोटी माग्दा त्यसलाई ढुङ्गा देलारु १० कि माछा माग्दा त्यसलाई साँप देला? ११ यसकारण तिमीहरू दुष्ट भएर आफ्ना छोराछोरीहरूलाई असल चीज दिन जान्दछौ भने, स्वर्गमा हुनुहुने तिमीहरूका पिताले उहाँसित माग्नेहरूलाई कति बढ़ी गरेर असल चीज दिनुहुनेछ। १२ मानिसहरूले तिमीहरूसँग जस्तो व्यवहार गरून् भन्ने तिमीहरू चाहन्छौ, तिमीहरूले पनि तिनीहरूसँग त्यस्तै व्यवहार गर, किनभने यही नै व्यवस्था र अगमवक्ताका शिक्षाको सारांश हो।"

जब हामी परमेश्वरसँग माग्दछौं तब हामीहरूलाई उहाँको आवश्यकता भएको महसुस गर्दछौं र साथै उहाँको सहयोगको चाहना हामीलाई छ भनेर देखाउँछौ। परमेश्वरमाथि हामीहरूको भरोसा छ भनेर पनि हामी देखाउँछौं। अनि प्रार्थनाद्वारा हामी परमेश्वरको नजिक आउँछौं। यो पनि सम्झनु अति जरुरी छ कि जब उहाँसँग हामी सहयोग माग्छौं तब हामीहरूको निम्ति उहाँले काम गर्न उहाँलाई हामी अनुमति दिएका हुन्छौं। उहाँसँग मागेको परमेश्वर चाहनुहुन्छ। हामीहरूका आवश्यकताहरू प्रार्थनाद्वारा

उहाँकहाँ पुऱ्याउन् भनेर परमेश्वर चाहनुहुन्छ। हामीहरूको आवश्यकता के हो सो उहाँसँग माग्नै पर्छ। नत्र भने उहाँले हामीलाई कबुल गर्नुभएको बरदान उहाँले हामीलाई दिनुहुन्न। येशूले यस बारेमा भन्नुभएको कुरा लूका ११:९,१०मा यसरी लेखिएको छः 'माग त तिमीहरूलाई दिइनेछ। खोज त, तिमीहरूले भेट्टाउनेछौ। घचघच्याउ त तिमीहरूको निम्ति ढोका उघारिनेछ। माग्ने प्रत्येक व्यक्तिले पाउनेछ। जसले खोज्छ उसले भेट्टाउनेछ। ढकढक गर्नेको निम्ति ढोका उघारिनेछ।' (रूपान्तरित)।

देहायका पदहरूमा परमेश्वरको निम्ति कुनै प्रार्थनाको अनुरोध ठूलो हुँदैन भनेर उल्लेख गरिएको छ। परमेश्वरसँग जे छ सो उदारतासाथ दिन उहाँ उच्छुक हुनुहुन्छ र दिन मनपराउनुहुन्छ भन्ने कुरा थाहा पाउनु किन असल छ? हामीहरूले प्रार्थनाको जवाफ उहाँले दिन सक्नुभन्दा अघि हामीबाट परमेश्वरले के अपेक्षा गर्नुभएको छ? हेर्नुहोस्: मर्कूस ११:२४ "म तिमीहरूलाई भन्दछु, तिमीहरूले प्रार्थनामा जेसुकै माग्छौ सो पाएका छौं भन्ने विश्वास राख, र त्यो तिमीहरूको हुनेछ।", १ यूहन्ना ५:१४,१५ "१४ परमेश्वरमा हाम्रो पूर्ण भरोसा छ कि उहाँको इच्छाबमोजिम जे मागे तापनि उहाँले हाम्रो कुरा सुन्नुहुन्छ। १५ हामीले प्रार्थनामा जेसुकै मागे तापनि परमेश्वरले सुन्नुहुन्छ भनी हामी जान्दछौं भने, यो पनि जान्दछौं कि उहाँलाई हामीले जे मागेका छौं त्यो हामीलाई प्राप्त भएको छ।" र भजन ६६:१८-२० "१८ यदि मैले मेरो हृदयमा अधर्मलाई आश्रय दिएको भए, परमेश्वरले सुन्नुहुनेथिएन। १९ तर साँच्ची नै परमेश्वरले सुन्नुभएको छ, उहाँले मेरो प्रार्थनाका शब्दहरूमाथि ध्यान दिनुभएको छ। २० परमेश्वरलाई महिमा होस्, जसले मेरो प्रार्थना अस्वीकार गर्नुभएको छैन, न त मबाट उहाँको प्रेम हटाउनुभएको छ।"

साँच्चिक्कै भनौं भने परमेश्वरसँग हामीले जे मागे पनि हुन्छ। हामीहरूको कुनै पनि अनुरोध उहाँको निम्ति सानो र मूल्यहिन छैन। कुनै पनि अनुरोध यस्तो ठूलो छैन कि उहाँले सम्हाल्न सक्नुहुन्न। उहाँ सर्वशक्तिमान हुनुहुन्छ। त्यसकारण बाइबलमा भएको प्रत्येक प्रतिज्ञालाई हामीले विश्वासद्वारा दावी गर्नसक्छौं। अनि विश्वासैद्वारा उहाँको योजना अनुसार उहाँले प्रतिज्ञा गर्नुभएको बरदान उहाँको हातबाट पाएका छौं भन्न सक्छौं (२ कोरन्थी १:२०)। हामीले मागेको कुरा पाउन पहिला केही शर्तहरू छन् जुन हामीले पूरा गर्नुपर्छ। हामीहरूको सम्पूर्ण जीवन उहाँलाई दिन राजी हुनुपर्छ। उहाँको

पूर्ण नियन्त्रणमा हामीले उहाँलाई सुम्पनुपर्छ। हामीहरूको प्रार्थनापनि स्वार्थी र हामीहरूको पापी हृदयलाई पोस्ने खालको हुँदैन। यदि यो शर्त पूरा गरेनौं भने हामीहरूको प्रार्थनाको जवाफ उहाँले  दिन कर हुँदैन।

हामीहरूको प्रार्थनालाई सफल बनाउन अर्को महत्त्वपूर्ण शर्तलाई मान्नु आवश्यकता छ। हामीहरूको जीवनमा परमेश्वरको योजना के छ सो अनुसार चल्न हामी राजी हुनुपर्छ। उहाँका वचनहरूलाई शिरोपर गर्नुपर्छ। "परमेश्वरका सबै बरदान वा उपहारहरू हामीहरूलाई दिन प्रतिज्ञा गरिएको छ। तर एउटा शर्त मान्न राजी हुनुपर्छ। उहाँको वचनलाई मान्नुपर्दछ। अनिमात्र उहाँको बरदानहरू हामीले पाउन सक्छौं।"-एलेन जी ह्वाइट, क्राइस्ट अब्जेक्ट लेसनस्, पृ. १४५बाट रूपान्तरित।

परमेश्वर उदार हुनुहुन्छ भनेर पनि हामीलाई थाहा छ। तै पनि उहाँकहाँ सुरो भएर आउन साहस गर्नुपर्छ। "जीवनको रस नभएको र सुस्त खालका केही नमाग्ने प्रार्थनाले उहाँको महिमा गर्दैन। उहाँलाई विश्वास गर्ने जो कोही पनि उहाँको अनुग्रहको सिंहासनमा निडिर भएर आएको उहाँ चाहनुहुन्छ। परमेश्वरले तिनीहरूको प्रार्थना सुन्न चाहनुहुन्छ भनेर विश्वास गर्दै तिनीहरूको चाहनालाई उहाँसँग माग्न उहाँ चाहनुहुन्छ।"-एलेन जी ह्वाइट, साइनस अफ टाइम्स, अगस्ट ७, १९०१बाट रूपान्तरि।

## ३ जब हामी प्रार्थना गर्छौं तब परमेश्वरका प्रतिज्ञाहरूमा विश्वास तथा भरोसा राख्दै प्रार्थना गर्नुपर्छ भनेर बाइबलले सिकाउँदछ (मर्कूस ११:२४)

हामीलाई के चाहिन्छ सो को परमेश्वरसँग अनुरोध गर्दै हामीले प्रार्थना गर्नुपर्छ भनेर हामीले अघिल्लो बुँदामा हेर्‍यौं। अब मर्कूस ११:२४ पढ्नुहोस्। जब हामीले प्रार्थना गर्छौं अरू के पनि गर्नुपर्छ भनेर येशूले हामीलाई अऱ्हाउनुभएको छ? हेर्नुहोस्: "यसकारण म तिमीहरूलाई भन्दछु, तिमीहरूले प्रार्थनामा जेसुकै माग्छौ सो पाएका छौं भन्ने विश्वास राख, र त्यो तिमीहरूको हुनेछ।"

केवल परमेश्वरसँग मागेरमात्र पुग्दैन रे! यदि परमेश्वरसँग हामी केही माग्छौं वा त्यसको लागि प्रार्थना गर्छौं भने त्यसमा एक महत्त्वपूर्ण तत्व समावेस हुनुपर्छः त्यो हो परमेश्वरमाथि विश्वास तथा भरोसा। विश्वास वा परमेश्वरमाथि आस्था र भरोसा बिना परमेश्वरलाई प्रशन्न पार्न सकिन्दैन भनेर पावलले हिब्रू ११:६मा जिकिर गर्दछन्। बाइबलमा तिन हजारभन्दा बेसी

प्रतिज्ञाहरू छन् भन्ने कुरालाई हामीले बिर्सनुहुन्न। ती प्रतिज्ञाहरूलाई हामीहरूले यसरी दावी गर्नुपर्छ वा आफ्नैलागि हो भनेर पक्रन सक्नुपर्छः परमेश्वरको सामु घुँडा टेक्नुपर्छ। बाइबलमा भएका ती कुनै प्रतिज्ञाहरूलाई हामीले पढ्नुपर्छ। हामीहरूका हृदयहरू यस्तो शुद्ध र सरल हुनुपर्छ कि ती साना बालकहरूको जस्तो हुनुपर्छ। हामीलाई दिनुभएका प्रतिज्ञाहरूलाई पूरा गर्न परमेश्वरसँग माग्नुपर्छ। उहाँको समयमा हाम्रो निम्ति जे भलो वा उचित छ सो पूरा गरिदिनुहुनेछ भनेर उहाँमाथि हामी भरोसा राख्दै विश्वास गर्नुपर्छ।

विश्वास वा परमेश्वरमा भरोसा नराख्ने मानिसहरू कस्तो हुन्छ भनेर याकूब १:५-८ले कसरी बताउँछ? परमेश्वरले हामीलाई प्रतिज्ञा गर्नुभएका बरदान वा उपहारहरूलाई पाउन उहाँमाथि विश्वासको किन आश्यकता छ? हेर्नुहोस्ः "५ तर यदि तिमीहरूमध्ये कसैलाई बुद्धिको अभाव छ भने उदार-चित्तसँग नझर्की दिनुहुने परमेश्वरलाई त्यसले मागोस्, र त्यसलाई त्यो दिइनेछ। ६ तर त्यसले कत्ति पनि शङ्का नगरी विश्वाससाथ मागोस्। शङ्का गर्नेचाहिँ बतासले उचाल्दै पछार्दैगर्ने समुद्रका छालसमान हुनेछ। ७ त्यस्तो मानिसले यो नसम्झोस्, कि उसले प्रभुबाट केही पाउनेछ। ८ किनकि दोहोरो मन भएको मानिस उसका सबै चालचलनमा अस्थिर हुन्छ।"

परमेश्वरको अस्तित्वलाई स्वीकार्दै हामी उहाँकहाँ आउनुपर्छ। उहाँलाई खोज्नेहरूलाई उहाँले इनाम दिनुहुनेछ भनेर उहाँकहाँ आउनै पर्छ। कस्तो खालको प्रार्थना प्रभावशाली हुन्छ? प्रार्थनालाई प्रभावकारी बनाउनु छ भने त्ससँग विश्वासपनि समावेस हुनुपर्छ। प्रथमतः परमेश्वरले हामीहरूको प्रार्थना सुन्नुहुनेछ र जवाफ दिनु हुन्छ भनेर विश्वास गर्नुपर्छ।दोस्रोमा परमेश्वरले आफ्नो ईश्वरिय योजना अनुसार हामीहरूको प्रार्थनाको जवाफ दिनुहुनेछ भनेर हामीले विश्वास गर्नै पर्छ।

विश्वाससँग भरोसा गाँसिएको छ भनेर बाइबलले ठोकुवा गर्दछ। हामीहरूको दैनिक मानव जीवनको सम्बन्धमा यदि कसैलाई हामीले विश्वास गऱ्यौं भनेमात्र उसमाथि भरोसा राख्न सक्छौं भनेर हामी निश्कर्ष निकाल्छौं। यदि परमेश्वरले आफ्ना प्रतिज्ञाहरूलाई वास्ता गर्नुहुन्न भनेर शङ्का गर्छौं भने उहाँका प्रतिज्ञाहरूलाई दावी गर्दै हामी अगाडि सर्न सक्दैनौं। अनि उहाँबाट हामीले केहि पनि पाउन अपेक्षा गर्न सक्दैनौं। उहाँको वचन वा बाइबललाई आत्मसाथ गर्नु नै उहाँमाथि विश्वास गर्नु हो। त्यसको अर्थ उहाँका प्रतिज्ञाहरूमाथि हामी भरपर्छौं भनेर हामीले देखाउने हो। हामीहरूको मनले

शङ्का गर्न अऱ्हाएतापनि उहाँमाथि भरोसा राखिराख्नुपर्छ। किनभने "विश्वास भनेको आशा गरिएका थोकहरूमा निश्चित हुनु हो। हामीले नदेखेतापनि विश्वासमा अडिग भएर बस्ने क्षमता हुनुपर्छ" (हिब्रू ११:११ रूपान्तरित)। परमेश्वरलाई झुटो बोल्नु असम्भव छ भनेर विश्वासलाई थाहा छ (हिब्रू ६:१८)। हिजो, आज, सधैँभरि परमेश्वर समान हुनुहुन्छ (हिब्रू १३:८)। कुनै कुरा पनि असम्भव छैन भनेर विश्वासलाई थाहा छ (लूका १:३७)।

त्यसकारण विश्वासले सधैँ परमेश्वरको खजाना घरको ढोका खोलिराख्छ। परमेश्वरको वचन पढ्न र बुझ्न उहाँले पवित्र आत्मालाई मानिसहरूको हृदयमा परिचालन गर्नुहुन्छ। विश्वाससाथ हामीले गरेको प्रार्थनाले सर्वशक्तिमान परमेश्वरका पाखुराहरूलाई चलाइ दिन्छ। कुन सहयोगले तपाईंलाई विश्वासमा बलियो बनाउँछ? तपाईंको आवश्यकतामा येशूले सहयोग गर्नु चाहनुहुन्छ र सक्नुहुन्छ भन्ने विश्वासलाई तपाईंले कसरी पक्रिराख्ने?

## ४. परमेश्वरका प्रतिज्ञाहरूलाई हामीले दावी गर्नैपर्छ भनेर बाइबलले हामीलाई सिकाउँदछ (१ यूहन्ना ५:१४,१५)

परमेश्वरले हामीलाई दिन्छु भन्नुभएको प्रतिज्ञालाई  दावी गर्दै हामीले प्रार्थना गर्नुपर्छ।  यदि त्यसो गरेनौं भने  हामी के विश्वास गर्छौं र कति विश्वास गर्छौं त्यसको कुनै अर्थ हुँदैन।

परमेश्वरले हामीहरूको प्रार्थनाको सुनुवाई गर्नुहुन्छ भनेर १ यूहन्ना ५:१४,१५ले ठोकुवा गरेर उल्लेख गरेकोछ। उहाँसँग हामीले जे माग्यौं सो हामीले पाएकाछौं भनेर पनि हामी निश्चित हुनसक्छौं। ती प्रतिज्ञाहरूमाथि हामीले भरोसा राखन सक्नुको कारण के हो भनेर यूहन्नाले भन्दछन्? हेर्नुहोस्: "१४ परमेश्वरमा हाम्रो पूर्ण भरोसा छ कि उहाँको इच्छाबमोजिम जे मागे तापनि उहाँले हाम्रो कुरा सुन्नुहुन्छ। १५ हामीले प्रार्थनामा जेसुकै मागे तापनि परमेश्वरले सुन्नुहुन्छ भनी हामी जान्दछौं भने, यो पनि जान्दछौं कि उहाँलाई हामीले जे मागेका छौं त्यो हामीलाई प्राप्त भएको छ।"

**उहाँले हाम्रो हितको निम्ति के चाहनुहुन्छ त्यो अनुसार हामीहरूको आवश्यकताको निम्ति उहाँसँग हामीले प्रार्थना गर्नुपर्छ। र उहाँका प्रतिज्ञाहरूमाथि हामीले विश्वास गर्नैपर्छ। अनि उहाँले हामीहरूलाई के प्रतिज्ञा दिनुभएको छ सो प्रतिज्ञाको दावी हामीले गर्नुपर्छ। परमेश्वरलाई धन्यवाद दिएर**

हामीले उहाँको प्रतिज्ञालाई दावी गर्न सक्छौं। यो गर्दा प्रतिज्ञाहरू हामीहरूका हृदयको भाग हुनसक्छ। ती प्रतिज्ञाहरू हामीहरूमा रहन्छन्। एलेन जी ह्वाइट भन्नुहुन्छ "परमेश्वरले प्रतिज्ञा गर्नुभएको कुनै पनि बरदान वा उपहारलाई हामीले माग्न सकछौं। अनि उहाँले प्रतिज्ञा गर्नुभएको अनुसार हामीले पायौं भनेर विश्वास गर्नुपर्छ। साथै हामीले उहाँबाट पाइने थोक पायौं भनेर उहाँलाई धन्यवाद दिनुपर्छ।"-एजुकेशन, पृ. २५९बाट रूपान्तरित।

परमेश्वरको वचन बिउ जस्तो हो भनेर येशूले लूका ८:१-११मा उल्लेख गर्नुभएको छ। एउटा पूरै स्याउको रूखको बिउ एउटा स्याउमा हुन्छ। त्यसरी नै परमेश्वरको प्रतिज्ञामा उहाँको बरदान वा उपहार हुन्छ। हामीले प्रतिज्ञाको दावी गर्नुपर्छ। र त्यसको निम्ति हामीले धन्यवाद दिनुपर्छ। अनि हामीमा उहाँको प्रतिज्ञाको बरदान हामीमा हुन्छ। किनभने त्यो हाम्रो भइसकेको हुन्छ। तर हामीलाई प्रतिज्ञा गरिएको बरदान विश्वासद्वारा मात्रै हामी पाउँछौं। परमेश्वरले गर्नुभएको प्रतिज्ञा हामीले नदेखौंला र छुन नसकौंला। तर परमेश्वरले हामीलाई दिनुहुनेछ।

येशूले प्रार्थना गर्दा त्यो तरिका अपनाउनुभएको थियो भनेर यूहन्ना ११मा देखाउँछ। यूहन्ना ११मा लाजरस मरेकोबाट बिउँतिएको कथा उल्लेख गरिएको छ। त्यस परिस्थितिमा परमेश्वरले ठ्याक्कै के गर्नु चाहनुभएको थियो सो येशूलाई थाहा थियो। लाजरस मरेकोबाट बिउँतिएको परमेश्वर चाहनुभएको थियो। यूहन्ना ११:११ले हामीलाई भन्दछ कि परमेश्वरले चाहनुभएको काम येशूले गर्न चाहनुभएको थियो। परमेश्वरको योजनामुताविक काम गर्न येशू राजिहुनुभएको थियो। लाजरसलाई जीवन फेरि दिनुभएकोमा परमेश्वरलाई येशूले धन्यवाद दिनुभएको थियो भनेर यूहन्ना ११:३९-४१मा हामी पढ्छौं। तर त्यसबेलासम्म लाजरस चिहानमै थियो। जब उहाँले परमेश्वरलाई धन्यवाद दिनुभयो तब येशूले उहाँको प्रार्थनाको जवाफ पाउनुभएको थियो। हामी परमेश्वरका सन्तान हौं भनेर हामीले सम्झनुपर्छ। हामी पनि परमेश्वरको प्रतिज्ञा अनुसार जिउनुपर्छ।

"परमेश्वरले भन्नु हुन्छ, 'दुःख भएको दिनमा मलाई बोलाउनु। म तिमीलाई उद्धार गर्नेछु।' भजन ५०:१५ रूपान्तरित। हामीलाई अलमल परेको कुरालाई उहाँकहाँ ल्याउन उहाँले आह्वान गर्नुहुन्छ। हामीहरूको आवश्यकतालाई उहाँलाई हामीले भन्नुपर्छ। हामीलाई परमेश्वरको सहायता चाहिन्छ भनेर हामीले उहाँलाई भन्नुपर्छ। जहिले पनि प्रार्थना गर्न हामी तयार

हुनुपर्छ भनेर उहाँले हामीलाई भन्नुभएको छ। जब समस्या आउँछ तब हामीलाई के को आवश्यकता छ सो उहाँलाई भन्नुपर्छ। हामीहरूलाई अत्यावश्यक भएको बेलामा उहाँसँग प्रार्थना गर्दा परमेश्वरमाथि हाम्रो भरोसा बलियो छ भनेर हामी देखाउँछौं। हामीहरूको आवश्यकताप्रति संवेदनशील भयौं भने त्यसले भित्रि हृदयदेखि प्रार्थना गर्न तान्दछ। हामीहरूले माग्दा हामीहरूका परमेश्वर पिताको हृदय चल्न थाल्छ।"-एलेन जी ह्वाइट, क्राइस्ट अबजेक्ट लेसनस्, पृ. १७२बाट रूपान्तरित। सबै कुरा परमेश्वरकहाँ प्रार्थनाद्वारा ल्याउन किन जरुरी छ?

## ५. पवित्र आत्माको निम्ति प्रार्थना (एफिसी ३:१६)

हामीहरूको जीवनमा पवित्र आत्मा पाउनुपर्छ भनेर देहायका पदहरूले के भन्दछन्? हेर्नुहोस्: एफिसी ३:१६ "म प्रार्थना गर्छु, कि उहाँका महिमाको सम्पत्तिअनुसारको शक्तिले उहाँका आत्माद्वारा भित्री मनुष्यत्वमा तिमीहरूलाई शक्तिशाली पारून्।" र प्रेरित २:३८ "३८ पत्रुसले तिनीहरूलाई भने, “पश्चात्ताप गर, र तिमीहरूका पाप-क्षमाको निम्ति येशू ख्रीष्टको नाउँमा तिमीहरू प्रत्येकले बप्तिस्मा लेऊ, र तिमीहरूले पवित्र आत्माको वरदान पाउनेछौ।"

हामी अत्यन्त खतराको समयमा जिइरहेकाछौं। र ती खतराहरूबाट पार गर्न हामीले धेरै कुराहरूको निम्ति प्रार्थना गर्न सक्छौं। तर वर्तमान समयमा हामीलाई अत्यन्त ठूलो कुरोको खाँचो छ। हामीहरूलाई पवित्र आत्माको बरदान चाहिन्छ। त्यसैकारण येशूले हामीहरूलाई दिनसक्नुहुने सबभन्दा महान् र निर्णायक वरदान पवित्र आत्मा हुन गएको छ। त्यस बरदानमाथि अरू कुनै थोक पनि थप्न सकिन्दैन। हामीहरूको जीवनमा पवित्र आत्माले काम गर्नुहुनेमा द्विविधा छैन। हामीलाई चाहिके सबै थोकहरू उहाँले आपूर्ति गर्नुहुन्छ। हामीमा पवित्र आत्मा हुनु भनेको हामीमा आशिष हुनु हो। हामीहरूको जीवनमा चाहिने सबै अरू आशिषहरू उहाँले नै ल्याउनुहुन्छ।

तर हामीहरूको जीवनमा पवित्र आत्माको आशिष पाउन एउटा मुख्य वाधा छ। त्यसले गर्दा पवित्र आत्मा र हामीहरूको बीचमा तगारो बन्दछ। प्रायसजसो पवित्र आत्मा पाउन हामी तयार छैनौं।

त्यसकारण पवित्र आत्मा पाउन हामीले यो गर्न आवश्यकता छ। प्रथमतः हामीहरू हाम्रा पापबाट हामी फर्किन चाहना गर्नुपर्छ र पश्चाताप गर्नुपर्छ। त्यसको अर्थ हामीले हामीहरूको जीवन पूर्णरूपमा येशूमा सुम्पनु पर्दछ। नयाँ करारका चर्चले ठिक्क त्यस्तो गरेको थियो। अहिले पनि

हामीहरूको जीवनमा पश्चातापको गतिमा पार्न पवित्र आत्माले नै सहयोग गर्नुहुन्छ।

प्रथमतः हामीहरूले पवित्र आत्माको आह्वानलाई मात्र तयार हुनुपर्छ। उहाँले हामीहरूलाई हामीहरूले मन पराएर पोषेका पापहरूबाट पश्चाताप गर्न आह्वान गर्नुहुन्छ। जब हामी पापबाट तर्केर जान्छौं तब हामीहरूको जीवनमा पवित्र आत्माले काम गर्नुभएको छ भनेर देखाइएको हुन्छ। हामी कोमल र नम्र हुनुपर्छ। हामीमा परमेश्वरप्रति आस्था र विश्वास हुनुपर्छ। हामीहरूका पपाहरूलाई स्वीकार गर्नुपर्छ। अनि परमेश्वरले हामीहरूका सबै पापहरूबाट हामीलाई पखाल्नुहुन्छ। अर्को अर्थमा भन्ने हो भने हामी कतिपति भएका छौं भनेर बुझ्न आवश्यक छ। हामीहरूको जीवनमा परमेश्वरको र उहाँको अनुग्रहको कति आवश्यकता छ भन्ने आभास् पाउनुपर्छ। उहाँबिना हामी हारिएको र हराइरहेको जीवन बिताइरहेका हुन्छौं। हामीहरू हामीहरूका पापमा मरिरहेका छौं। त्यसले गर्दा अहिलेको जीवनको सार्थकतामात्र होइन अनन्त जीवन गुमाउने खतरामा पनि हामी पर्दछौं।

दोस्रोमा, हृदयदेखि सत्य तरिकाले प्रार्थना गर्दा हामीहरूको जीवनमा परमेश्वरले के गर्नु आवश्यकता छ सो गर्न उहाँले सहयोग गर्नुहुन्छ ताकि उहाँले हामीहरूलाई पवित्र आत्मा दिन सक्नुहोस। अनि हामीले गर्नुपर्ने काम यो मात्र हुन आउँछ कि हामीहरूले उहाँसँग पवित्र आत्माको माग। अनि परमेश्वरले प्रशन्न हृदयले उहाँको आत्मा हामीलाई दिनुहुनेछ।

"परमेश्वर स्वर्गमा रहनुहुने हामीहरूका पितामाता हुन्। उहाँसँग माग्नेलाई पवित्र आत्मा दिन उहाँ चाहना गर्नुहुन्छ। यस संसारका बाबुआमाले आफ्ना छोराछोरीहरूलाई असल उपहार दिने भन्दा उत्तम उपहार पवित्र आत्मा दिन उहाँ इच्छुक हुनुहुन्छ।"-एलेन जी ह्वाइट, यी श्याल रिसिभ पावर, पृ. २८४बाट रूपान्तरित।

हामीले यो पनि सम्झनु जरुरी छ कि पवित्र आत्माको बरदान दिनुको कारण येशूलाई उचाल्नु हो। हामीहरूमा येशूको स्वभाव हुन पवित्र आत्मा दिइएको हो। यदि हामीहरूको जीवनमा पवित्र आत्मा भयो भने हामीहरूलमा अरूको सेवा गर्ने भावना जाग्दछ। पवित्र आत्माले येशू ख्रीष्टको शरीर वा चर्चको उत्थान गर्न हामीलाई सहयोग गर्नुहुन्छ। त्यसकारण कुनै पनि आराधना चाहे घरमा होस् वा चर्चमा होस् पवित्र आत्मालाई येशूलाई भन्दा माथि उचाल्ने

काम गर्छ भने त्यो गलत हो। येशूबाट दिइएको पवित्र आत्माको शक्तिद्वारा हामी परमेश्वर पिताकहाँ आउँछौं (एफिसी २:१८)।

येशूले हामीहरूलाई दिनसक्नुहुने पवित्र आत्माको बरदान हामीहरूको निम्ति अत्यन्त महान् तथा उच्च बरदान किन भएको छ? तपाईंको जीवनमा पवित्र आत्मा आउँदा कस्तो अनुभव गर्नुभएको छ? यस बरदानबिना तपाईंको जीवन कस्तो फरक ढँगले चल्थ्यो होला?

## उपसंहारः

थप जानकारीको निम्तिः एलेन जी ह्वाइटद्वारा लिखित, *क्राइस्ट अब्जेक्ट लेसनसको* पृ. १३९-१४९को "आस्किङ्ग टु गिभ" र *गड हाज प्रोमिज* पुस्तक पढे प्रार्थनाको विषयलाई अझ बुझाउँछ।

प्रार्थनाबिना हामीहरूको जीवनमा आत्मिक शक्ति पाउँदैनौं। सारा आत्मिक शक्तिको स्रोतसँग प्रार्थनाले हामीलाई जोड्दछ। प्रार्थनाबिना हामीहरूको सम्बन्ध परमेश्वरसँग जिवित राख्न सक्दैनौं। प्रार्थनाबिना हामीहरूको भाँडारूपि जीवन खालि हुन्छ। तब प्रार्थना बिना चल्दा हामी देखावटी रूपमा परमेश्वरको सेवा गरेको जस्तै देखाउँला तर यथार्थमा हामी परमेश्वरको शक्तिबाट तर्केर गइरहेको देखाउनेछौं (२ तिमोथी ३:५)।

परमेश्वरले प्रार्थनालाई कसरी जवाफ दिनुहुन्छ भन्ने बारेमा अचम्मका प्रतिज्ञाहरू बाइबलमा दिएका छन्। तर हामीहरूले प्रार्थना गर्दा त्यसको जवाफ नपाउँदा त्यसको बारेमा हामीले के भन्नै? कतिपय समयमा परमेश्वरले भन्नुभएको सबै कामहरू गर्छौं वा मानेर प्रार्थना गर्छौं तैपनि हामीले मागेको कुरा अझै पाइरहेका हुँदैनौं, त्यसको बारेमा के भन्ने त? "तपाईंहरूको प्रार्थनाको जवाफ तुरन्तै पाउनुभएनभने निराश नहुनुहोस्। हामीहरूको प्रार्थना प्रायजसो स्वार्थी हृदयले भरिएको परमेश्वरले देख्नुहुन्छ। अर्को शब्दमा भन्ने हो भने हामीले के चाहना गर्छौं त्यसको निम्ति हामी प्रार्थना गर्छौं। अनि हामीले अपेक्षा गरेको अनुसार परमेश्वरले हामीहरूको प्रार्थनाको जवाफ दिनुहुन्न। बरू उहाँले हामीलाई जाँच्नुहुन्छ। हामीलाई उहाँले त्यस परिस्थितिमा ल्याउनुहुन्छ जसले गर्दा हामीहरूको पापदेखि हामीलाई लज्जित बनाउँछ। अनि हामीलाई साँच्चिक्कै के चाहिन्छ सो हामीलाई केको आवश्यकता छ सो स्पष्ट रूपमा हामी देख्न सक्ने हुनेछौं। हामीहरूको पापी भोकलाई संतुष्ट पार्ने खालका बस्तुहरू परमेश्वरले हामीलाई दिनुहुन्न। हामीलाई हानी हुने वा उहाँको नाम बदनाम हुने

खालका कुनै पनि वस्तु उहाँले हामीलाई दिनुहुन्न। हामीहरूलाई घमण्ड तुल्याउने कुनै पनि कुराहरू उहाँले हामीलाई दिनुहुन्न। हामी यस्तो हृदयले परमेश्वरकहाँ आउनुपर्छ कि हामीहरूसँग भएका सबै थोक उहाँलाई सुम्पिएको उहाँले थाहा पाओस्।"-एलेन जी ह्वाइट, *इन हेभेन्ली प्लेसेज,* पृ. ८९बाट रूपान्तरित।

**चिन्तनमननः**

अ. तपाईंको जीवनको प्रत्येक पक्षमा तपाईंको प्रार्थनाले कसरी प्रभाव पारिरहेको छ? अर्थात् तपाईं प्रार्थना गर्दा त्यसको असर तपाईंले कसरी पाउनुभएको छ? प्रार्थना गर्नुभन्दा पहिले र पछि तपाईंले के भिन्नता पाउनुभएको छ?

आ. कसैले प्रार्थना गरे वा केहीको निम्ति प्रार्थना गरे रे! तर उसले अपेक्षा गरेको वा आशा गरेको अनुसार प्रार्थनाको जवाफ पाएन रे! हुनसक्छ आफ्नो बिरामी बालकको निम्ति प्रार्थना गर्दा त्यसको जवाफ पाएन रे! त्यस व्यक्तिलाई तपाईंले के भनेर सान्त्वना दिनुहुन्छ? त्यस परिस्थितिमा पनि परमेश्वरमाथि भरोसा राख्न हामीले कसरी सिक्ने?

इ. प्रार्थनासँग तपाईंको आफ्नै अनुभव सोच्नुहोस्। तपाईंको निम्ति प्रार्थनाको अर्थ के हो? तपाईंले आफ्नै अनुभवबाट के सिक्नुभयो जसले गर्दा प्रार्थनाको लक्ष्यसँग संघर्ष गरिरहेका मानिसहरूलाई तपाईंले हौसला दिन सक्नुहुन्छ?

ई. प्रार्थनाले कसरी काम गरिरहेको छ भनेर हामीले नबुझ्दा पनि प्रार्थना गरिरहन किन जरुरत छ?